# विशेष अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यान्वयन मापदण्ड,२०८२

स्वीकृत मिति: २०८२ पुष १३ गते

स्थानीय सरकार

सान्नीत्रिवेणी गाउँपालिका

मेहलमुडी कालीकोट।

# विशेष अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२

**प्रस्तावना**

यस सान्नीत्रिवेणी गाउँपालिकाको कृषकहरूलाई कृषि पेशातर्फ आकर्षित गरि गाउँपालिकालाई खाद्यान्न, तरकारी तथा फलफुलमा आत्मनिर्भर तथा सम्भाव्य बालीहरू निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन तथा कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत सान्नीत्रिवेणी गाउँपालिकाबासीको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, एवंम प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,सान्नीत्रिवेणी गाउँपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १
### प्रारम्भिक

**१) संक्षिप्त नाम तथा प्रारम्भः-**

यस मापदण्डको नाम "विशेष अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२" रहेको छ।

क) यो मापदण्ड स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२) परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"मापदण्ड"** भन्नाले अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२ लाई सम्झनु पर्दछ।

ख) **"गाउँपालिका"** भन्नाले सान्नीत्रिवेणी गाउँपालिकाको कार्यालय मेहलमुडी कालीकोटलाई सम्झनु पर्छ।

ग) **"कार्यालय"** भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा सान्नीत्रिवेणी गाउँपालिका सम्झनु पर्छ।

घ) **"कार्यक्रम"** भन्नाले गाउँपालिकाका सबै वडाहरूमा सञ्चालन हुने खाद्यान्न, तरकारी ,फलफुल,वीउबिजन, बाली रैथाने बाली प्रवर्द्धन तथा मल अनुदान कार्यक्रम" वा "माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामग्री सहुलियत दरमा वितरण कार्यक्रम ,रोग किरा नियन्त्रण, गोठ सुधार तथा नश्ल सुधार,व्यवसायिक पशुपन्छी पालन,प्लाष्टिक टनेल निर्माण सम्झनु पर्छ।

ङ) **"पहिलो पक्ष"** कार्यालय सम्झनु पर्छ।

च) **"दोस्रो पक्ष"** कृषक, कृषक तथा पशुपन्छी पालन समूह, कृषि सहकारी, कृषि फर्म वा अनुदानग्राही सम्झनु पर्छ।

छ) **"किसान"** भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन गरी जिविकोपार्जन तथा व्यवसाय गर्ने व्यक्तिलाई सम्झनु पदर्छ।

CamScanner

ज) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा ३० सदस्य भएको र कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको कृषि तथा पशुपालन समूहलाई सम्झनु पर्दछ।

झ) **"अनुदान"** भन्नाले चालु आर्थिक वर्ष २०८२/२०८३ को स्वीकृत विशेष अनुदान कार्यक्रम बमोजिम गाउँपालिका कृषि, प्रवर्द्धन लागि छनौट भएका अनुदानग्राहीलाई कार्यक्रम संचालनका लागि प्रदान गरिने रकम वा कृषि सामग्री सम्झनु पर्छ।

ञ) **"अनुदानग्राही"** भन्नाले यस मापदण्ड बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यवसायिक कृषि फार्म, कृषि सहकारी, तथा कृषि व्यवसायी सम्झनु पर्छ।

ट) **"कृषि सामग्री"** भन्नाले खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली तथा तरकारी बाली बिउ, हिंउदे तथा वर्षे फलफुल बिरुवा, प्लास्टिक टनेल, सिंचाई पाईप, सिचाई मोटर, पम्पसेट, कृषि मेसिनरी औजार, रासायनिक वा जैविक मल, मौरी घार , च्याउ बिउ लगाएत कृषि प्रवर्द्धनमा सहयोग पुर्याउने सामग्री लाई सम्झनु पर्छ।

ठ) **"प्रस्ताव"** भन्नाले कार्यक्रममा उल्लेख भए बमोजिम कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको आवश्यक कागजात सहितको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ।

ड) **"सेवाग्राही"** भन्नाले सान्नीत्रिवेणी गाउँपालिका भित्र स्थायी बसोबास गरी पालिकामा दर्ता भएका कृषक ,कृषक समूह,कृषि उद्यमी,कृषि सहकारी तथा कृषि फर्मलाई सम्झनु पर्छ।

ढ) **"लक्षित वर्ग"** भन्नाले कृषि मजदुर,पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जाति र द्वन्द्व पीडित भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको व्यक्ति तथा विगत ३ वर्ष देखि व्यवसायी कृषि तथा पशु पालन गरेको व्यक्ति सम्झनु पर्छ।

ण) **"वडा"** भन्नाले सान्नीत्रिवेणी गाउँपालीका वडा नं १ देखी ९ सम्मका वडा कार्यालयहरू सम्झनु पर्छ।

त) **"गोठ सुधार"** भन्नाले गोठलाई राम्रो र व्यवस्थित बनाउने सम्झनु पर्छ।

थ) **"वर्षे फलफूल"** भन्नाले जेठ,असार महिनामा रोपिने फलफूल विरुवा सम्झनु पर्छ।

द) **"हिंउदे फलफूल"** भन्नाले पुस, माघ महिनामा रोपिने फलफूल विरुवा सम्झनु पर्छ।

ध) **"व्यवसायीक फलफूल खेती"** भन्नाले घरायसी उपभोग मात्र होइन, बजारमा बिक्री गरेर आम्दानी कमाउने उद्देश्यले गरिने फलफूल खेती सम्झनु पर्छ।

न) **"व्यवसायीक तरकारी खेती"** भन्नाले घरायसी उपभोग मात्र होइन, बजारमा बिक्री गरेर आम्दानी कमाउने उद्देश्यले गरिने तरकारी खेती सम्झनु पर्छ।

प) **"व्यवसायीक खाद्यान्न खेती"** भन्नाले घरायसी उपभोग मात्र होइन, बजारमा बिक्री गरेर आम्दानी कमाउने उद्देश्यले गरिने खाद्यान्न खेती सम्झनु पर्छ।

फ) **"नश्ल सुधार"** भन्नाले गाई, भैंसी, बाख्रा जस्ता पशुहरूको जात (breed) लाई वैज्ञानिक तरिकाले सुधार गर्ने प्रक्रिया लाई सम्झनु पर्छ।

गाउँपालिका अध्यक्ष

CamScanner

ब) **"पकेट विकास"** भन्नाले कुनै विशेष क्षेत्र छनोट गरि त्यहाँ एकै किसिमको उत्पादन वा व्यवसायलाई केन्द्रित रुपमा विकास गर्ने कार्यक्रम हो।

भ) **"यन्त्र र उपकरण"** भन्नाले कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरणमा प्रयोग हुने मेशिनरी औजार सम्झनु पर्दछ।

म) **"कृषि व्यवसाय "** भन्नाले व्यवसायिक उद्देश्यले गरिने कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन सम्झनु पर्छ।

य) **"सहकारी"** भन्नाले सहकारी ऐन २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्दछ।

र) **"फर्म"** भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता र सूचीकृत भएको व्यवसायलाई सम्झनु पर्दछ।

ल) **"तालिम"** भन्नाले कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धित व्यवसायिहरूको प्राविधिक ज्ञान, सिप र धारणालाई सकारात्मक परिवर्तन गर्न औपचारिक तथा अनौपचारिक रुपमा प्रदान गरिने सैद्धान्तिक एवम् व्यवहारिक प्रशिक्षण कार्यलाई सम्झनु पर्दछ।

व) **"पशुपन्छी"** भन्नाले घरमा पालिने जनावर र चराहरू पशु: गाई, भैंसी, बाख्रा, भेडा, सुँगुर आदि र पन्छी कुखुरा, हाँस, टर्की आदि सम्झनु पर्दछ।

स) **"शाखा"** भन्नाले सान्नीत्रिवेणी गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखालाई सम्झनु पर्दछ।

ष) **"कृषि"** शब्दले बाली तथा पशुपालन गर्ने कार्य सम्झनु पर्दछ।

श) **"स्थानीय सरकार"** भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ह) **"प्रदेश "** भन्नाले कर्णाली प्रदेश सम्झनु पर्दछ र प्रदेश मन्त्रालय भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

**३) अनुदान उपलब्ध गराउन सक्ने**

(१) प्रदेश मन्त्रालय बाट स्थानीय तहमा प्रदेश विशेष अनुदान मार्फत हस्तान्तरण भएको स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहले यस कार्यविधी बमोजिम अनुदान उपलब्ध गराउन सक्ने छ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा समूह सहकारी छनौट भएपनि उक्त समूह वा सहकारीबाट लाभान्वित हुने कृषक चाँहि विगतमा समान प्रकारका कार्यक्रमबाट अनुदान प्राप्त नगरेको कृषकलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछ।

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) कृषि तथा पशुपन्छी उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) कृषि तथा पशुपन्छी व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) कृषि तथा पशुपन्छी पूर्वाधार विकास लक्षित कार्यक्रम,

CamScanner

(ङ) कृषि तथा पशुपन्छी सम्बन्धी अन्य विविध कार्यक्रम।

(४) उपदफा (३) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची (१) बमोजिम हुनेछ। त्यस्ता कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिम हुनेछ।

**४) सूचना प्रकाशन गर्नु पर्ने**

(१) आर्थिक विकास समितिको निर्णय अनुसार कृषि विकास शाखा तथा पशुपन्छी विकास शाखाले दफा ३ को उपदफा (३) बमोजिमको विषयगत क्षेत्रमा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि स्वीकृत कार्यक्रम १५ दिनभित्र प्रस्ताव पेश गर्न अनुसूची (३) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने अनुदानग्राहीले अनुसूची (४) बमोजिमको निवेदन र अनुसूची (६)बमोजिमको व्यवसायिक कार्ययोजना पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा निवेदनको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख) कृषि व्यवसाय गर्ने अनुसूची (६) बमोजिमको प्रस्ताव,

ग) व्यवसायिक कृषि फार्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि,

घ) व्यवसायिक कृषि फार्मको हकमा गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

च) समूह तथा सहकारीको निणर्य

छ) आयोजना सम्बन्धी अन्य आवश्यक कागजात,

ज) वडा कार्यालयको सिफारिस पत्र।

**५) प्रस्ताव तथा निवेदनको मूल्याङ्कनः-**

(१) दफा ४ बमोजिम पेश भएका प्रस्ताव अथवा माग निवेदनको प्राविधिक पक्ष कृषि तथा पशुपन्छी विकास शाखा वा आर्थिक विकास समिति सहित स्थलगत अनुगमन गरी अनुसुची (७) बमोजिमका मूल्याङ्कन आधारमा मूल्याङ्कन गरि कृषक छनौट प्रक्रियाका लागि सान्नीत्रिवेणी गाउँपालिकाको प्रस्ताव मूल्याङ्कन को पहिलो चरणको काम आर्थिक विकास समिति वा कृषि तथा पशुपन्छी विकास शाखाले गर्नेछ।

(२) प्रस्तावको मूल्याङ्कन गर्न कृषि तथा पशुपन्छी विकास शाखा वा आर्थिक विकास शाखाले अनुगमन गर्दा तथा आर्थिक विकास समितिको बैठक बस्दा आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। प्रस्ताव तथा माग निवेदनको माग गर्दा आर्थिक विकास समितिको बैठकबाट हुनेछ। आर्थिक विकास समितीको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

**६) लाभग्राही छनौट प्रक्रियाः-**

आर्थिक विकास समितिले बनाएको छनौट तथा मुल्याङ्कन समितिले प्रस्ताव तथा लाभग्राहीको अन्तिम छनौट गर्नेछ। छनौट भएका लाभग्राहीहरूसंग सम्झौता गर्नुपर्ने कार्यक्रमको हकमा सम्झौताका लागि कम्तिमा ७ (सात)

CamScanner

दिनको सूचना प्रकाशन गर्नेछ र यदि तोकिएको अवधि सम्म सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई प्राथमिकतामा राखि सम्झौता गर्न सकिनेछ।

**७) निर्देशक समितिः-**

अनुदान प्रवाहको प्रक्रिया सहजिकरण गर्न सान्नीत्रिवेणी गाउँपालिकाको आर्थिक विकास समितिले देहाय बमोजिमका बढीमा तीन जना सम्म अथवा आवश्यकताअनुसार निर्देशक समितिहरु बनाउन सक्नेछन। निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। निर्देशक समितिको बैठक सम्बन्धी मापदण्ड सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**निर्देशक समिति देहाय बमोजिको हुनेछ**

| | | |
|---|---|---|
| क. प्रमुख प्रशासकिय अधिकृत | : | संयोजक |
| ख. विषयगत शाखा प्रमुख | : | सदस्य सचिव |
| ग. कृषि तथा पशुपन्छी विकास शाखा प्रमुख | : | सदस्य |
| घ. सम्बन्धित शाखाका फिल्ड प्राविधिक | : | सदस्य |

आवश्यकताअनुसार विषय विज्ञलाई समेत समावेश गर्न सकिनेछ।

**८) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः-**

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) कार्यक्रम सञ्चालन गर्न अनुसूची (१) मा उल्लेख भएका कार्यक्रमको प्राविधिक मापदण्ड, कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधार तयार गरी स्वीकृति को लागि कार्यपालिका समक्ष पेश गर्ने।

(ख) अनुदान रकम निर्धारण र भुक्तानीको प्रक्रियामा थप मापदण्डगत ढाँचा आवश्यक भएमा ढाँचा तयार स्विकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने।

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने।

(घ) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्यको क्षेत्र र शर्त निर्धारण गर्ने।

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक्ता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने।

**९) अनुदान रकमको सीमा र क्षेत्र**

(१) कार्यालयले अनुदानग्राहीलाई अनुदान दिँदा यस मापदण्डमा तोकिएको परिधि भित्र रहि दिनु पर्नेछ।

(२) यस मापदण्डको अनुसूची (१) बमोजिमका कार्यक्रमहरु संचालन गर्दा विनियोजित बजेटको सीमा भित्र रहि कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिमको अनुदान प्रतिशत उपलब्ध गराउनु पर्नेछ।

(३) कृषिजन्य र पशुपन्छी जन्य व्यवसाय प्रवर्द्धनको लागि अनुदान उपलब्ध गराउन सन्दर्भ मूल्यलाई आधार लिइनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट बमोजिम हुनेछ।

(४) सरकारी फार्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको खरिद बिक्री गर्दा सन्दर्भ मूल्य,जिल्ला दररेट, वा संघिय सरकारले निर्धारण गरेको दररेट कुनै एक बमोजिम गर्न सकिनेछ।

(५) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट, नजिकका जिल्ला दररेट वा स्थानीय दररेट लाई आधार लिनु पर्नेछ।

(६) समूह, सहकारी तथा व्यवसायिक कृषि फार्मसँग कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

**१०) सम्झौता गर्नु पर्ने**

(१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची (१०) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) चालु आर्थिक वर्षको जेठ मसान्त पछि कार्यक्रम सन्चालन तथा अनुदान लिने दिने सम्वन्धमा सम्झौता गरिने छैन।

**११) अनुदानको भुक्तानी**

(१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको समयावधि भित्र कृषि उद्यमी, कृषि फर्म,कृषि तथा पशुपन्छी समूह वा कृषि सहकारीको कार्य सम्पन्न प्रतिवेदन, वडा कार्यालयको कार्य सम्पन्न तथा भुक्तानी सिफारीस पत्र, संरचना निर्माणको हकमा सम्बन्धित वडाको पूर्वाधार तर्फको प्राविधिकको कार्य सम्प्न्न प्रतिवेदन,प्राविधिकको भुक्तानी बिल र मेशिनरी औजार खरिदको हकमा प्राविधिकको प्रमाणीत प्रतिवेदन, लगायतका कागजात सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएमा कार्यालयले तोकेको कर्मचारीबाट स्थलगत निरीक्षण गराई प्राप्त कार्य प्रगति सहितको प्राविधिक प्रतिवेदन वा कृषि तथा पशुपन्छी विकास शाखाका प्राविधिकको भुक्तानी सिफारिसका आधारमा लगानी अनुपातको हिसाबले अनुदानको प्रत्येक किस्ता वा एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टीन्जेन्सी रकम र कानुन बमोजिम लाग्ने सम्पूर्ण कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(४) यस मापदण्ड बमोजिम अनुदानग्राहीलाई भुक्तानी हुने रकम निजको बैंक खातामा वा सम्झौता गरिएको समूह, सहकारी तथा निजी उद्यमीको खातामा वा सामग्री उपलब्ध गराउने आपुर्तिकर्ताको बैङ्क खातामा जम्मा हुने गरी उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यालयले पन्ध्र दिने सार्वजनिक सूचनाको माध्यमबाट कृषि यान्त्रिकीकरण ,पशुपन्छी व्यबसाय प्रवर्द्धन उपकरण र पशुपन्छी खरिद कार्यक्रमको हकमा अनुदानमा माग भएको उपकरण र पशुपन्छीको प्रकार, गुणस्तर र प्रति ईकाइ मूल्य/ दररेट माग गरिनेछ र कम्तिमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्यका आधारमा सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकमका लागी निर्देशन

समिति बाट दररेट निर्धारण गरिनेछ। वा कार्यालयले जिल्ला दररेट अथवा नजिकको जिल्लाको दर रेट लाई आधार मानेर पनी अनुदानमा उपलब्ध गराउने सामग्रीको रकम निर्धारण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिएको आपूर्तिकर्ताबाट वा सोहि दररेटमा अन्य आपूर्तिकर्ताबाट पनि अनुदानग्राहीले छनौट प्रस्ताव बमोजिमको सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी पुरा मूल्य भुक्तानी गरी खरिद गरेको कृषि तथा पशुपन्छी उपकरणको अनुगमन गरी कार्यालयले कृषकको बैक खातामा वा आपुर्तिकर्ताको बैङ्क खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

(७) उपदफा (६) बाहेकका जिन्सी सामान, कृषि तथा पशुपन्छी सामग्रीको खरिदको हकमा खरिद सम्बन्धी प्रचिलत कानून (सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) बमोजिम कार्यालयले खरिद गरेर पनि वितरण गर्न सक्नेछ। साथै संरचना निर्माण (प्लास्टिक टनेल, सिंचाई पोखरी, सिंचाई कुलो,इनार निर्माण, रष्टिक स्टोर, मुहान संरक्षण आदि ) को हकमा प्राविधिकको लागत स्टिमेटको आधारमा लाभग्राही संग सम्झौता गरि सम्झौता बमोजिमको कार्यक्रम संचालन गर्न सकिनेछ।

**१२) सार्वजनिक परीक्षणः**

समूह तथा सहकारीका अनुदानग्राहीले पक्कि संरचना निर्माणको हकमा कार्यक्रम सम्पन्न भएपछि अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेश गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

**१३) अनुदान अन्यत्र प्रयोग गर्न नपाइने**

(१) यस मापदण्ड बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेश गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(४) झुट्टा विवरण पेश गरी अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई गाउँपालिका वा वडा तहबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन। त्यस्तो अनुदानग्राहीको नाम नामेसी सार्वजनिक गरिनेछ।

(५) अनुदान पाउने निजि उद्यमी समूह तथा सहकारीले संरचना निर्माण तथा ठुला मेशिनरी औजार अनुदानमा लिएको कम्तिमा ५ वर्ष सम्म फर्म समूह वा सहकारी खारेज गर्न पाईने छैन।

CamScanner

## १४) अनुगमन तथा मूल्याङ्कन

(१) यस मापदण्ड बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले कृषि तथा पशुपन्छी विकास शाखा प्रमुख लाई सम्पर्क व्यक्तिको जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु निजको दायित्व हुनेछ।

(२) गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन समिति,आर्थिक विकास समिति, वडा समिति तथा आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिले छुट्टाछुट्टै वा संयुक्त अनुगमन गर्न सक्नेछन

(३) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यक्तानुसार कृषि तथा पशुपन्छी विकास शाखा संगै आर्थिक प्रशासन शाखा, आर्थिक विकास समिती वा कार्यालयको योजना अनुगमन समिति बाट हुन सक्नेछ।

## १५ ) गुनासो व्यवस्थापन

(१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने कृषि तथा पशुपन्छी विकास शाखा समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा कृषि तथा पशुपन्छी विकास शाखा प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले कार्यालयको प्रमुख प्रशासकिय अधिकृत समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३ बमोजिम परेको निवेदन उपर प्रमुख प्रशासकिय अधिकृतले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउने छ।

## १६) दोहोरो सुविधा लिन नपाउने

(१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा अन्य कुनै एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि सान्नीत्रिवेणी कार्यालयबाट ठुला (संरचना निर्माण तथा ठुला मेशिनरी औजार) अनुदान प्राप्त गर्न सक्ने छैन।

## १७) सम्झौता बमोजिम हुने

(१) यस मापदण्ड बमोजिम सञ्चालन हुने क्रियाकलाप, निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित शर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिने छ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बिना सम्झौतामा उल्लेखित अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस मापदण्ड बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने छ।

(३) कुनै विशेष कारण वस वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

CamScanner

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुने छ।

**१८) बाधा अड्काउ फुकाउन सक्ने**

यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा आधारभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

अनुदान प्रदान गरिने कार्यक्रमहरू

| | |
|---|---|
| १. | प्लाष्टिक टनेल निर्माण |
| २. | गोठ सुधार तथा नश्ल सुधार |
| ३. | व्यवसायीक पशुपन्छी पालन ( कुखुरा,बाख्रा,गाई) |
| ४. | रोग किरा नियन्त्रण (औषधी तथा तालिम) |
| ५. | रैथाने बाली संरक्षण |
| ६. | बीउबिजन तथा फलफूलका विरुवा वितरण |

CamScanner

(अनुसूची-२)
( दफा ४ सँग सम्बन्धित )
कार्यक्रम र खर्चको मापदण्ड

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु |
|---|---|---|
| १ | प्लाष्टिक टनेल निर्माण | ➢ **बजेट रु ९ लाख ५० हजार**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै**<br>➢ **प्रमुख क्रियाकलापः-**<br>क) फलामे प्लाष्टिक टनेल निर्माण।<br>ख) अन्य आवश्यक कृषि सामग्रीहरू।<br>➢ **कार्यक्रमको न्यूनतम मापदण्डः-**<br>क) बेमौसमी तरकारी खेति गर्दै आएको हुनु पर्ने।<br>ख) न्यूनतम ५०० वर्ग मिटर जग्गामा व्यवसायिक खेति गरेको हुन पर्ने।<br>ग) थोपा सिंचाई वा पोखरीको सुनिश्चता भएको लाई प्राथमिकता दिईने छ।<br>घ) व्यवसायिक बेमौसमी तरकारी खेति गरेको अनुभव भएको हुनुपर्ने।<br>➢ **संचालन प्रक्रियाः-**<br>१. आर्थिक विकास समितिको निर्णय बमोजिम कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ<br>२. सुचनाको समायावधी भित्र रितपूर्वक प्राप्त भएका निवेदनहरुको छनौट कृषि विकास शाखा तथा निर्देशक समितिले फिल्ड भेरिफिकेशन र छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी, कृषि फर्म वा व्यवसायिक कृषक) छनौट गर्नेछ।<br>३. कृषि विकास शाखा तथा निर्देशक समितिले छनौट गरेका लाभग्राहीहरुसंग कार्यक्रम सन्चालन सम्झौता कार्यालयले गर्नेछ।<br>४. लागत सहभागीता सम्बन्धमा प्राविधिकले तयार गरेको स्टमेटको आधारमा ८० प्रतिशत पालिकाले र २० प्रतिशत लाभग्राही स्वयमले वेहोर्नु पर्नेछ।<br>५. लागत सहभागीताको सम्बन्धमा पालिकाको हिस्सामा पर्ने ८० प्रतिशत बराबरको खरिद गाउँपालिका कृषि शाखाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नेछ।<br>६. छनौट भएका कृषि फर्म कृषि समूह कृषि सहकारी र कृषि उधमीले प्राविधिक स्टमेट अनुसार आफनो हिस्साको २० प्रतिशत लगानी मार्फत आउने विभिन्न क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता पत्र कार्यालय संग सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ । यदि लागत सहभागीताको २० प्रतिशत हिस्सा नबेहोरेमा सम्झौता स्वत रद्द गरि |

| | | |
|---|---|---|
| | | अर्को वैकल्पिक लाभग्राहीलाइ दिन सकिनेछ अथवा निर्देशक समितिको निर्णय बमोजिम कारबाही गरिनेछ।<br>७. सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङकन, योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कनको आधारमा कार्यालयले अनुदान रकम कृषि सामग्री आपुर्तिकर्तालाइ बैङ्क खातामा रकम भुक्तानी गरिनेछ। |
| २ | गोठ सुधार तथा नश्ल सुधार | ➢ **बजेट :- रु ८ लाख**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै**<br>**प्रमुख क्रियाकलापः-**<br>• गोठ सुधार कार्यक्रम<br>क) गोठको संरचना सुधार तथा नयाँ गोठको संरचना निर्माण गर्दा आवश्यक पर्ने सामाग्रीहरु (टिन, जस्ता पाता, फलामे पाइप, सरिया, सिमेन्ट, जाली, रबर म्याट, काठ, फुटबाथ ट्रे, बेल्चा ) खरिद गरि वितरण गर्न सकिन्छ।<br>ख) गोठको सरसफाई तथा निसंक्रमण गर्न आवश्यक संरचना निर्माण उपकरण तथा रसायनहरू खरिद तथा वितरण।<br>ग) गोठको मलमुत्र व्यवस्थापन गर्न आवश्यक संरचना निर्माण।<br>• **नश्ल सुधार कार्यक्रमः-**<br>क) उन्नत नश्लका बीउ माउ/भाले पाडापाडी,बाछावाछी, पाठापाठी खरिद ढुवानी तथा वितरण।<br>ख) कृतिम गर्भाधान सेवा ,उपकरण तथा सामग्री खरिद।<br>ग) स्थनीय कुखुरा/कालिज/हाँस प्रवर्द्धन सम्बन्धि क्रियाकलाप।<br>➢ **कार्यक्रमहरुको न्यूनतम मापदण्डः-**<br>क) कार्यक्रममा सहभागी हुनको लागि व्यक्तिगत फर्मको हकमा १० वटा माउ भेडा/बाख्रा र ३ वटा गाई/भैसी पालन गरेको हुनुपर्ने।<br>ख) कार्यक्रममा सहभागी हुनको लागि समूह/सहकारीको हकमा प्रति सदस्य १/१ वटा माउ भेडा/बाख्रा र प्रत्येक समूह/सहकारीको कम्तिमा १० वटा माउ गाई/भैसी पालन गरेको हुनुपर्ने।<br>➢ **संचालन प्रक्रियाः-**<br>१. आर्थिक विकास समितिको निर्णय बमोजिम कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ<br>२. सुचनाको समायावधी भित्र रितपूर्वक प्राप्त भएका निवेदनहरुको छनौट पशुपन्छी विकास शाखा तथा निर्देशक समितिले फिल्ड भेरिफिकेशन र |

CamScanner

| | | |
|---|---|---|
| | | छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी, पशुपालन फर्म वा व्यवसायिक कृषक) छनौट गर्नेछ।<br>३. पशुपन्छी विकास शाखा तथा निर्देशक समितिले छनौट गरेका लाभग्राहीहरुसंग कार्यक्रम सन्चालन सम्झौता कार्यालयले गर्नेछ।<br>४. लागत सहभागीता सम्बन्धमा प्राविधिकले तयार गरेको स्टमेटको आधारमा ८० प्रतिशत पालिकाले र २० प्रतिशत लाभग्राही स्वयमले वेहोर्नु पर्नेछ।<br>५. लागत सहभागीताको सम्बन्धमा पालिकाको हिस्सामा पर्ने ८० प्रतिशत बराबरको खरिद गाउँपालिका पशुपन्छी विकास शाखाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नेछ।<br>६. छनौट भएका पशुपन्छी फर्म पशुपालक समूह पशुपालक सहकारी र पशुपालक उधमीले प्राविधिक स्टमेट अनुसार आफनो हिस्साको २० प्रतिशत लगानी मार्फत आउने विभिन्न क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता पत्र कार्यालय संग सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ। यदि लागत सहभागीताको २० प्रतिशत हिस्सा नबेहोरेमा सम्झौता स्वत रद्द गरि अर्को वैकल्पिक लाभग्राहीलाइ दिन सकिनेछ अथवा निर्देशक समितिको निर्णय बमोजिम कारबाही गरिनेछ।<br>७. सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङकन, योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कनको आधारमा कार्यालयले अनुदान रकम कृषि सामग्री आपुर्तिकर्तालाइ बैङ्क खातामा रकम भुक्तानी गरिनेछ। |
| ३ | व्यवसायिक पशुपन्छी पालन<br>( कुखुरा,बाख्रा,गाई) | ➢ **बजेट :- रु ७ लाख**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै**<br>➢ **प्रमुख क्रियाकलापः**<br>क) उच्च प्रजनन् मान भएका पशुपन्छीहरू खरिद तथा ढुवानी गरि वितरण गर्न सकिने छ।<br>ख) औषधी उपचार,प्रोबायोटिक वितरण, परजिवी नियन्त्रण तथा खोप कार्य गर्न सकिने छ।<br>ग) सन्तुलित आहार व्यवस्थापन गर्न सकिनेछ।<br>➢ **कार्यक्रमको न्यूनतम मापदण्डः-**<br>क) कार्यक्रममा सहभागी हुनको लागि व्यक्तिगत फर्मको हकमा १० वटा माउ बाख्रा र ३ वटा गाई पालन गरेको हुनुपर्ने।<br>ख) कार्यक्रममा सहभागी हुनको लागि समूह/सहकारीको हकमा प्रति सदस्य १/१ वटा माउ बाख्रा र प्रत्येक समूह/सहकारीको कम्तिमा १० वटा माउ गाई पालन गरेको हुनुपर्ने। |

मोहन ... के.सी.
गाउँपालिका अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | ➢ **संचालन प्रक्रियाः-**<br>१. आर्थिक विकास समितिको निर्णय बमोजिम कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ<br>२. सुचनाको समायावधी भित्र रितपूर्वक प्राप्त भएका निवेदनहरुको छनौट पशुपन्छी विकास शाखा तथा निर्देशक समितिले फिल्ड भेरिफिकेशन र छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी, पशुपालन फर्म वा व्यवसायिक कृषक) छनौट गर्नेछ।<br>३. पशुपन्छी विकास शाखा तथा निर्देशक समितिले छनौट गरेका लाभग्राहीहरुसंग कार्यक्रम संन्चालन सम्झौता कार्यालयले गर्नेछ।<br>४. लागत सहभागीता सम्बन्धमा प्राविधिकले तयार गरेको स्टमेटको आधारमा ८० प्रतिशत पालिकाले र २० प्रतिशत लाभग्राही स्वयंमले वेहोर्नु पर्नेछ।<br>५. लागत सहभागीताको सम्बन्धमा पालिकाको हिस्सामा पर्ने ८० प्रतिशत बराबरको खरिद गाउँपालिका पशुपन्छी विकास शाखाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नेछ।<br>६. छनौट भएका पशुपन्छी फर्म पशुपालक समूह पशुपालक सहकारी र पशुपालक उधमीले प्राविधिक स्टमेट अनुसार आफनो हिस्साको २० प्रतिशत लगानी मार्फत आउने विभिन्न क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता पत्र कार्यालय संग सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ। यदि लागत सहभागीताको २० प्रतिशत हिस्सा नबेहोरेमा सम्झौता स्वत रद्द गरि अर्को वैकल्पिक लाभग्राहीलाइ दिन सकिनेछ अथवा निर्देशक समितिको निर्णय बमोजिम कारबाही गरिनेछ।<br>७. सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङकन, योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कनको आधारमा कार्यालयले अनुदान रकम कृषि सामग्री आपुर्तिकर्तालाइ बैङ्क खातामा रकम भुक्तानी गरिनेछ। |
| ४ | रोग किरा नियन्त्रण (औषधी तथा तालिम) | ➢ **बजेट : रु ५ लाख**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै**<br>➢ **प्रमुख क्रियाकलापः-**<br>क) रोग किरा नियन्त्रणका लागि जैविक रोगनासक तथा ढुसिनासक बिषादि, हर्मोन,ट्र्याप,पासो, बोर्डोपेष्ट वितरण कार्यक्रम।<br>ख) उन्नत खेति प्रविधि, बेमौसमी खेति प्रविधि, रोग किरा नियन्त्रण बिधि,काँटछाँट प्रविधि,आई.पि.एम प्रविधि सम्बन्धि तालिम।<br>ग) जैविक तथा प्राकृतिक खेति तालिम। |

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | घ) तरकारी तथा फलफूल खेति तालिम।<br>ङ) आर्गानिक तथा जलवायु अनुकूल कृषि (Climate Smart Agriculture)<br>➢ **कार्यक्रमको न्यूनतम मापदण्डः-**<br>रोग किराको बिषादी मागको लागि प्रकोप भए नभएको कृषि प्राविधक बाट एकिन गरेर मात्र कृषकलाई दिनुपर्ने।<br>➢ **संचालन प्रक्रियाः-**<br>रोग किरा नियन्त्रणका लागि जैविक रोगनासक तथा ढुसिनासक बिषादि, हर्मोन,ट्र्याप,पासो, बोर्डोपेष्ट वितरण कार्यक्रम।<br>➢ **तालिम संचालन प्रक्रियाः**<br>क) समय अवधि दिन १ देखि ५<br>ख) प्रशिक्षक पारिश्रमिक (कार्यपत्र /प्रर्वचन)रु. प्रति कक्षा रु १५००<br>ग) चियापान तथा खाजा रु.प्रति व्यक्ति २५०।<br>घ) शैक्षिक सामाग्री रु.प्रति व्यक्ति २००।<br>ङ) सहभागी भत्ता प्रति व्यक्ति प्रति दिन ५०० देखि ७०० सम्म।<br>च) सहभागी यातायात खर्च रु. प्रति व्यक्ति दुरी अनुसार<br>छ) तालिम सुविधा ( हलभाडा तिर्नु पर्ने भएमा) प्रचलित बजार दर रेट अनुसार<br>ज) मसलन्द व्यवस्थापन तथा विविध (प्रमाण पत्र, पानी,सरसफाई, ईत्याधि को लागी) रु १००००।<br>झ) प्रतिवेदन तयार तथा प्रस्तुत खर्च रु १५००।<br>ञ) व्यानर छपाई रु १५००।<br>ट) खाना खर्च रु ३५० प्रति व्यक्ति प्रति दिन<br>➢ **संचालन प्रक्रियाः-**<br>१. कृषकको बालीविरुवामा लागेका रोग तथा किराको आधारमा प्राविधिकले तयार गरेको स्टमेटको अधिनमा रहि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार आवश्यक सामाग्री खरिद गरि शत प्रतिशत अनुदान उपलब्ध गराउनेछ।<br>२. काम सम्पन्न पछि बिल भरपाइको आधारमा कार्यालयले रकम कृषि सामग्री आपुर्तिकर्ताको बैङ्क खातामा रकम भुक्तानी गरिनेछ। |
| ५ | रैथाने बाली संरक्षण | ➢ **बजेट : रु ३ लाख**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै**<br>➢ **प्रमुख क्रियाकलापः-**<br>क) रैथाने बालीको बीउ वितरण, क्षेत्र विस्तार तथा पोष्ट हार्भेष्ट उपकरण वितरण |

| | | |
|---|---|---|
| | | ➢ **कार्यक्रमको न्यूनतम मापदण्डः-**<br>क) रैथाने (स्थानीय) बाली (कोदो,कालो धान, सिमि,जुम्ली मार्सी,फापर,चिनो,कागुन,जौ) खेति गरेको हुन पर्ने<br>ख) समूहगत खेति गरेको हुनु पर्ने।<br>ग) रैथाने बालीको उत्पादन भन्दा संरक्षण र निरन्तरतामा जोड दिई खेति गरेको हुनु पर्ने।<br>**संचालन प्रक्रियाः-**<br>१. आर्थिक विकास समितिको निर्णय बमोजिम कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ<br>२. सुचनाको समायावधी भित्र रितपूर्वक प्राप्त भएका निवेदनहरुको छनौट कृषि विकास शाखा तथा निर्देशक समितिले फिल्ड भेरिफिकेशन र छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी, कृषि फर्म वा व्यवसायिक कृषक) छनौट गर्नेछ<br>३. कृषि विकास शाखा तथा निर्देशक समितिले छनौट गरेका लाभग्राहीहरुसंग कार्यक्रम सन्चालन सम्झौता कार्यालयले गर्नेछ।<br>४. लागत सहभागीता सम्बन्धमा प्राविधिकले तयार गरेको स्टमेटको आधारमा ८० प्रतिशत पालिकाले र २० प्रतिशत लाभग्राही स्वयमंले वेहोर्नु पर्नेछ।<br>५. लागत सहभागीताको सम्बन्धमा पालिकाको हिस्सामा पर्ने ८० प्रतिशत बराबरको खरिद गाउँपालिका कृषि शाखाले सार्वजनिक ऐन र नियमावली अनुसार गर्नेछ।<br>६. छनौट भएका कृषि फर्म कृषि समूह कृषि सहकारी र कृषि उधमीले प्राविधिक स्टमेट अनुसार आफनो हिस्साको २० प्रतिशत लगानी मार्फत आउने विभिन्न क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता पत्र कार्यालय संग सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ। यदि लागत सहभागीताको २० प्रतिशत हिस्सा नबेहोरेमा सम्झौता स्वत रद्द गरि अर्को वैकल्पिक लाभग्राहीलाइ दिन सकिनेछ अथवा निर्देशक समितिको निर्णय बमोजिम कारबाही गरिनेछ।<br>७. सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङकन, योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कनको आधारमा कार्यालयले अनुदान रकम कृषि सामग्री आपुर्तिकर्तालाइ बैङ्क खातामा रकम भुक्तानी गरिनेछ। |
| ६ | बीउ बिजन तथा फलफूलका विरुवा वितरण | ➢ **बजेट रु ७.५ लाख**<br>➢ **लक्षित क्षेत्र १ देखी ९ वडा सबै** |

| | | |
|---|---|---|
| | | ➢ **प्रमुख क्रियाकलापः-**<br>क) मौसमी तथा बेमौसमी तरकारी बीउ<br>ख) हिउँदे (स्याउ,ओखर,अनार) तथा बर्षे(सुन्तला,कागती,जुनार) फलफूलका बिरुवा वितरण<br>➢ **कार्यक्रमको न्यूनतम मापदण्डः-**<br>क) व्यवसायिक फलफूल तथा तरकारी उत्पादन गरिरहेका कृषक समूह तथा कृषि सहकारीहरुलाई कार्यक्रममा प्राथमिकतामा राखिनेछ।<br>ख) कृषक समूह, सहकारीको हकमा दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने,<br>ग) फर्मको हकमा वडामा व्यवसाय दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने,<br>घ) समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र ।<br>ङ) आर्थिक विकास समिति तथा निर्देशन समितिको निर्णय बमोजिम छनौट भएका निजी फर्म, कृषक समूह तथा कृषि सहकारी संग कार्यालयले सम्झौता गर्नेछ।<br>च) सोहि प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालु आ.व मा अन्य कुनै पनि सरकारी वा गैर सरकारी निकाय बाट नलिएको तथा नलिने स्व-घोषणा पत्र ।<br>➢ **संचालन प्रक्रियाः-**<br>१. आर्थिक विकास समितिको निर्णय बमोजिम कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ<br>२. सुचनाको समायावधी भित्र रितपूर्वक प्राप्त भएका निवेदनहरुको छनौट कृषि विकास शाखा तथा निर्देशक समितिले फिल्ड भेरिफिकेशन र छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी, कृषि फर्म वा व्यवसायिक कृषक) छनौट गर्नेछ।<br>३. कृषि विकास शाखा तथा निर्देशक समितिले छनौट गरेका लाभग्राहीहरुसंग कार्यक्रम सन्चालन सम्झौता कार्यालयले गर्नेछ।<br>४. लागत सहभागीता सम्बन्धमा प्राविधिकले तयार गरेको स्टमेटको आधारमा ८० प्रतिशत पालिकाले र २० प्रतिशत लाभग्राही स्वयमले वेहोर्नु पर्नेछ।<br>५. लागत सहभागीताको सम्बन्धमा पालिकाको हिस्सामा पर्ने ८० प्रतिशत बराबरको खरिद गाउँपालिका कृषि शाखाले सार्वजनिक ऐन र नियमावली अनुसार गर्नेछ।<br>६. छनौट भएका कृषि फर्म कृषि समूह कृषि सहकारी र कृषि उधमीले प्राविधिक स्टमेट अनुसार आफनो हिस्साको २० प्रतिशत लगानी |

CamScanner

| | | |
|---|---|---|
| | | मार्फत आउने विभिन्न क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता पत्र कार्यालय संग सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ । यदि लागत सहभागीताको २० प्रतिशत हिस्सा नबेहोरेमा सम्झौता स्वत रद्द गरि अर्को वैकल्पिक लाभग्राहीलाइ दिन सकिनेछ अथवा निर्देशक समितिको निर्णय बमोजिम कारबाही गरिनेछ ।<br>७. सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङकन, योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कनको आधारमा कार्यालयले अनुदान रकम कृषि सामग्री आपुर्तिकर्तालाइ बैङ्क खातामा रकम भुक्तानी गरिनेछ । |

अनुसूची–३

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सान्नीत्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि तथा पशुपन्छी विकास शाखा मेहलमुडी, कालीकोट।

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः- ..............................

यस सान्नीत्रिवेणी गाउँपालिकाको आ.व.............. को बार्षिक स्वीकृत विशेष अनुदान कार्यक्रम ........................................ अनुसार निम्न लिखित कार्यक्रमहरु सान्नीत्रिवेणी गाउँपालिका विशेष अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८२" बमोजिम लागत सहभागितामा कार्य गर्न ईच्छुक व्यवसायिक फार्म, कृषक, कृषक तथा पशुपन्छी समूह, निजी उद्यमी, सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रम | संख्या | बजेट रु. |
|---|---|---|---|
| | | | |

आवश्यक कागजातहरुः-

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- कार्य समितिको निर्णय
- अनुसूची ४ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको बिस्तृत व्यवसायिक कार्य योजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि )
- प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयमा व्यवसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
- औजार उपकरण खरिदको हकमा कोटेशन।
- व्यवसायिक योजना/ समान प्रकृतिको अनुदान नलिएको घोषणा र लागत साझेदारी प्रतिवद्धता

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

CamScanner

## अनुसूची - ४

### निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
सान्नीत्रिवेणी गाउँपालिका मेहलमुडी,कालीकोट।

विषयः- कार्ययोजना पेश सम्बन्धमा।

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छकि तहाँ गाउँपालिकाको मिति .................. गते प्रकाशित सूचना अनुसार म /हामी निवेदकले ................................................... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु / गरेका छौ।

निवेदकः

नामः- ..................................................

ठेगानाः ..................................................

फर्म,समूह,सहकारीको नामः..........................................

दस्तखत: ..................................................

मितिः ..................................................

सम्पर्क नं. : ..................................................

## अनुसूची - ५

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- अनुसूची ४ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको बिस्तृत व्यवसायिक कार्ययोजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि)
- प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयमा व्यवसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
- औजार उपकरण खरिदको हकमा कोटेशन

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

CamScanner

## अनुसूची – ६
## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नामः- ..........................................................................................

उद्यमी/ समूह / सहकारीको नामः- ........................................... सम्पर्क नम्बर ........................

ठेगानाः- ........................................... गाउँ/टोल ........................... वडा नं. ......

व्यवसायको परिचयः-

- उद्देश्यहरूः-
- व्यवसायको अवस्थाः-
- व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरूः-
- तालिम सम्बन्धी विवरणः-
- सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः-

| क्र. स. | सञ्चालन गरिने क्रियाकलाप | माग गरिएको वस्तु तथा सामग्रीहरूको विवरण. | लागत साझेदारी | जम्मा लागत | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

- व्यवसायबाट उत्पादन हुने बस्तुः-
- उत्पादित वस्तुको अनुमानित परिमाणः-
- बजार योग्य परिमाणः-
- व्यवसायको वातावरणीय उपयुक्तताः-
- उत्पादित बस्तुको बजार योजनाः-
- थप आधारहरु
    - उपलब्ध जग्गाको क्षेत्रफल
    - अपेक्षित प्रतिफल
    - व्यवसायको लागि श्रमको व्यवस्थापन
      (क) पारिवारिकः
      (ख) बाहिर बाटः
      (ग) दुवैतर्फबाटः

CamScanner

दस्तखत गर्नेको

नामः- ..............................................................................................

संस्थाको छापः- ..............................................................................................

पदः- ..............................................................................................

दस्तखतः- ..............................................................................................

मितिः- ..............................................................................................

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची - ७
## प्रस्ताव मूल्याङ्कनका आधारहरु

- गाउँपालिकाको नाम :-
- आवेदकको नामः-
- कार्यक्रम सञ्चालन स्थलको ठेगानाः-
- प्रस्तावित कार्यक्रमको नामः-
- मूल्याङ्कनका आधारहररूः-

| क्रस | विवरण | भार | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | विपन्न अपाङ्ग, दलित तथा जनजाती महिला कृषक समूह | १० | | |
| २ | महिला कृषक समूह /सहकारी | १० | | |
| ३ | कृषि सहकारीबाट सिफारिस लाभाम्वित महिला समूह | ७ | | |
| ४ | निजी फर्म | ३ | | |
| ५ | हाल सम्म कुनै पनि सरकारी निकायबाट सम्बन्धित अनुदान नलिएका समूह सहकारी वा फर्म | १० | | |
| ६ | कम्तिमा ६ महिना अघि दर्ता गरी सक्रिय रुपमा काम गरिरहेका | ५ | | |
| ७ | कार्यक्रमको कमाण्ड क्षेत्रमा लाभान्वित (समूह /सहकारी /फर्म) संख्या | ५ | | |
| ८ | कृषक समूहले एउटै कलस्टरमा काम गरेका | ५ | | |
| ९ | प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/ संख्या | १० | | |
| १० | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | ५ | | |
| ११ | प्रस्तावित वाली/पशु वस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | ५ | | |
| १२ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | ५ | | |
| १३ | सहभागिता लक्षित वर्गको नगद वा वस्तुगत योगदान गर्न सक्ने परिमाण र प्रतिवद्धता | ५ | | |

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रस्तावित कार्य कृषकहरूको माग एंव आवश्यक्ता अनुरुप रहे/नरहेको | ५ | | |
| १५ | कृषक समूह तथा सहकारीको हकमा पाना नं लिएको र निजि फर्मको हकमा गाउँपालिका वा वडामा व्यवसाय दर्ता गरेको | ५ | | |
| १६ | सान्नीत्रिवेणी गाउँपालिकाले छुट्टाएको बाली / पशु वस्तु पकेट क्षेत्र अनुसार बाली /पशु वस्तु समावेश भएको | ५ | | |
| | जम्मा | १०० | | |

- स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरूः-
- स्थलगत अनुगमन टोलीको रायः-

| क्र स | नामथर | पद | राय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची–८
## सम्झौता पत्रको ढाँचा

सान्नीत्रिवेणी गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक, कृषक समूह वा सहकारी (यस पछि दोस्रो पक्ष) भनिने बिच तपसिलको शर्तहरु पालना गर्ने/ गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

तपसिलः-

- यो सम्झौता,सम्झौता भएको मिति बाट प्रारम्भ हुनेछ।
- पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. ..................... (अक्षरेपी ..........................................) मध्ये बढीमा...........प्रतिशतले हुन आउने रु. ................. (अक्षरेपी ..........................................) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोश्रो पक्षले बेहोर्नु पर्नेछ।
- कार्य प्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईने छ।
- दोस्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामग्री खरिद गर्न पाउने छैन।
- दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ्ग बोर्ड राख्नु पर्ने छ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नु पर्नेछ।
- पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछ।
- दोस्रो पक्षले पशुपन्छी अनुदानमा लिए पछि कम्तिमा ५ वर्ष बेचबिखन तथा हानी नोक्सानी गर्न पाउने छैन र उक्त कार्य गरेमा पहिलो पक्षले दोस्रो पक्षलाई सरकारी हानी नोक्सानी पुर्याए सरह बिगो असुल उपर गरिनेछ।
- दोस्रो पक्षले पशुपन्छी अनुदानमा लिए पछि अनिवार्य पशुपन्छी बिमा गर्नु पर्नेछ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
- दोस्रो पक्षले अन्तिम रकम भुक्तानि लिदाँ क्रियाकलापहरु संचालन गर्नु भन्दा पहिला क्रियाकलाहरु संचालन गर्दै गरेको तथा क्रियाकलापहररू सम्पन्न गरेको फोटो विल भरपाईमा संग्लन राखि पेश गर्नुपर्ने छ।
- पहिलो पक्षले सम्झौता बमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्ष बाट प्राप्त भए पश्चात रू/-(अक्षरेपी रु )मात्र नबढने गरी नियमानुसारको १.५ प्रतिशत अग्रिम आयकर कट्ट गरि दोस्रो पक्षलाई रकम भुक्तानी उपलब्ध गराउनेछ। वा सम्झौता बमोजिमको सामग्री आपूर्तीकर्ता/मेसिन उपकरण आपूर्ती कर्ता लाई सोझै भुक्तानी दिनेछ दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रूपमा विल विजक नम्वर पेश गर्नु पर्नेछ।

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

- सम्झौता भएको मितिले ७ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य सुरु गरी सक्नु पर्नेछ। यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।
- दोस्रो पक्षले यहि मिति .................................. भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ।
- दोस्रो पक्षले पहिलो पक्ष बाट अनुदान रकम लिई सके पछि कम्तिमा पनि ३ बर्ष व्यवसाय गर्नुपर्ने छ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानून बमोजिम हुनेछ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ।

उल्लेखित शर्तहरु पालना गर्न/ गराउन मञ्जुर भईयो सम्झौतामा दस्तखत गरी लियौं/ दियौं।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम,थरः | नाम,थरः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| पदः | पदः | पदः |
| कार्यालयको छापः | कार्यालयको छापः | संस्थाको नाम छापः |

ईति सम्वत् ...................... साल ........................ महिना ......................गते रोज ......... शुभम्।

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची – ९
## लागत साझेदारी प्रतिवद्धता

यस सान्नीत्रिवेणी गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाको मिति ..................मा प्रकाशित सूचना अनुसार सान्नीत्रिवेणी गाउँपालिका वडा नं.......... टोल ............स्थायी ठेगाना भएको श्री ...................................ले लागत साझेदारीमा .....................................कार्यक्रम सञ्चालनको लागी पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु .......................... को ........प्रतिशतले हुन आउने रु ............................बराबरको लगानी आफ्नो आन्तरिक श्रोत बाट बेहोर्ने गरि कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गरेको छु।

निवेदक

नामः

ठेगानाः

मितिः

छापः

दस्तखतः

बाँया दाँया

CS CamScanner